मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

प.सं.:
च.नं.:

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रजातन्त्र स्थापनाका लागि भएका अनेकौं संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस अवसरमा देशमा राष्ट्र, राष्ट्रियता र लोकतन्त्रका लागि भएका सबैखाले संघर्षका क्रममा घाइते, अपाङग हुनुभएका र तत्कालीन राज्यबाट बेपत्ता पारिनुभएका सम्पूर्ण योद्धाहरुको अमूल्य योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आज देश संघीय लोकतान्त्रिक गणतन्त्र सहितको उपलब्धिहरुका साथ अगाडी बढिरहेको छ । यी सबै उपलब्धीका लागि नेपाली जनताले अनेकौं त्याग र बलिदान गर्नु परेको कुरा सर्वविदितै छ ।यस सन्दर्भमा, हालसम्मका उपलब्धीहरुको रक्षा र विकास गर्दै देशलाई 'समृद्ध नेपाल : सुखी नेपाली' निर्माणको राष्ट्रिय आकांक्षा प्राप्त गर्ने दिशामा अग्रसर गराउन सबैले इमान्दारिताका साथ लाग्नुपर्दछ ।

अन्त्यमा, आज प्रजातन्त्र दिवस मनाईरहँदा लोकतन्त्रको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास तथा समृद्धि हासिल गर्नका साथै संविधानको मर्म र भावना अनुसार अघि वढ्नका लागि हामी सबैलाई यो दिवसले प्रेरणा मिलोस भन्ने कामना गर्दछु ।

२०७९।११।०७

(खगराज अधिकारी)
मुख्यमन्त्री